नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय


फ्याक्स- २२३५८० / २६२६९६ / २६९७३६ / २६२८०२ / २६२९८७ / २६२४६८ / २६२५४३

पत्र संख्याः- ०७१/०७२
च.नं. :-

रामशाहपथ,
काठमाडौं, नेपाल


मितिः २०७२।०१।२३

बिषय : उद्धारकर्ता, घाईते एवं आमनागरिकहरुलाई जानकारीको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्ती

भूकम्प पिडित तथा घाईतेहरुको उद्धार, उपचार तथा बिपद पश्चात हुने प्रकोप तथा रोगहरु रोकथामको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट मिति २०७२/०१/२३ गते गरेको कार्यहरु देहायबमोजिम रहेको कुरा सम्बन्धित सबैको जानकारीको लागि प्रेषित गरिन्छ ।

१. राष्ट्रिय तथा अन्तराष्ट्रिय उद्धारकर्मी तथा उपचार टोलीहरुको परिचालन तथा अनुगमन

- आज मिति २०७२/०१/२३ गतेसम्म स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट ८५ वटा अन्तराष्ट्रिय टीम परिचालन भएका छन् जसमा ८२९ मेडिकल बिशेषज्ञहरु र ७७१ प्यारामेडिक्स्हरु गरी जम्मा १६०० रहेका छन् ।
- १०० भन्दा बढी राष्ट्रिय तथा गैर आवाशिय नेपाली मेडिकल बिशेषज्ञहरुको टिम परिचालन भएका छन् । जसमा १००० भन्दा बढी डाक्टर, नर्स र स्वास्थ्यकर्मीहरु भूकम्प प्रभावित क्षेत्रहरुमा परिचालन गरिएको छ।
- माननीय् स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री खगराज अधिकारीज्यूबाट मिति २०७२/०१/२३ गते भुकम्पबाट प्रभाबित नुवाकोट जिल्लाको बिदुर नगरपालिका पुगी जिल्ला अस्पताल, जिल्ला जनस्वास्थ्य कार्यालय तथा भुटानी शिबिरको स्थलगत अनुगमन गरी अहिलेसम्म भएको कामलाई प्रशंसा गर्नुको साथै बाँकी उद्धार कार्यलाई तुरुन्त सम्पन्न गर्न निर्देशन दिनु भयो ।
- माननीय मन्त्रीज्यूले नुवाकोटका प्रमुख जिल्ला अधिकारी श्री कोष हरी निरौलालाई Rescue र search कार्य सकिएकोले अव जिल्ला र स्थानिय अस्पताल तथा स्वास्थ्य जनशक्ति परिचालन गर्न र जिल्ल स्थित बिदेशी स्वास्थ्यकर्मीहरुलाई सधन्यवाद बिदाई गर्न निर्देशन गर्नुभयो ।
- आज मिति २०७२/०१/२३ गते माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री खगराज अधिकारीज्यूबाट भुकम्पबाट प्रभाबित सिन्धुपाल्चोक जिल्लाको चौतारामा प्रमुख जिल्ला अधिकारी तथा जिल्ला अस्पताल प्रमुखलाई भेटी छिटो उद्धारको लागि सहयोग गर्न निर्देशन गर्नुको साथै जिल्लामा संचालित स्वास्थ्य शिबिरको अवलोकन गर्नु भई यस बिपद परिस्थितिमा कार्यालयमा उपस्थिति नहुने कर्मचारीहरुलाई कडा कारबाही हुने कुरा बताउनुभयो ।
- जिल्ला अनुगमनको सन्दर्भमा मा. मन्त्रीज्यूले जिल्ला स्वास्थ्य कार्यालय अन्तर्गतका भूकम्पले भत्केका तथा क्षती पुगेका भवनहरुको इन्जिनियर मार्फत अवलोकन गराई मर्मत संभार तथा निर्माणका लागि बजेट इष्टिमेट गर्न तथा घाईते र बिरामीहरुको उपचारका लागि आवश्यक पर्ने औषधी तथा उपकरणहरुको अभाव नहुने व्यवस्था गर्न समेत निर्देशन दिनु भयो ।

२.उपकरण र औषधि

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भूकम्पबाट प्रभावित जिल्लाका बिभिन्न स्वास्थ्य संस्थाहरुमा आवश्यकता अनुसार निरन्तर रुपमा औषधि र उपकरणहरु पठाईरहेको छ ।
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यूनिसेफको सहयोगमा प्राप्त hospital tent र Emergency equipments and medicine धुलिखेल सामुदायिक अस्पताल काभ्रे, अर्थोपेडिक अस्पताल, जोरपाटी, ललितपुर, नुवाकोट र रसुवा जिल्लाहरुमा पठाईएको छ ।

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

४- २२३५८०, २६२६९६, २६९७३६, २६२८०२, २६२९८७, २६२४६८, २६२५४३

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय २०६१

पत्र संख्या:- ०७१/०७२
च.नं. :-

रामशाहपथ,
काठमाडौं, नेपाल

मिति: २०७२।०१।२३

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आपूर्ति व्यवस्था महाशाखाबाट भक्तपुर, ललितपुर, काभ्रे, दोलखा र रसुवा जिल्लाहरुमा औषधी र उपरकरणहरु पठाएको छ ।
- सिन्धुपाल्चोक जिल्लाका भूकम्प प्रभावित घाईते तथा विरामीहरुको उपचारका लागि औषधी र उपकरण खरिद गरी वितरण गर्नका लागि माननीय् स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री खगराज अधिकारीज्यूबाट जिल्ला अस्पताल प्रमुखलाई रु. ५ लाखको चेक सकेत हस्तान्तरण गर्नु भयो ।

३. उपचार गरिएको बिरामी तथा घाइतेको संख्या

मिति २०७२/०१/२३ गतेसम्म उपचार पाएका घाईते तथा विरामीको जम्मा संख्या: ५३,४३४ रहेको छ । स्थान र जिल्ला अनुसार घाईते तथा विरामीको जम्मा संख्या देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| • भक्तपुर १४७०० | • नुवाकोट ४५७१ |
| • धादिङ १९७३ | • ओखलढुङगा ९२ |
| • दोलखा २६४ | • रामेछाप १५०० |
| • गोरखा २२७३ | • रसुवा ७४८ |
| • काठमाण्डौ १३७५५ | • सिन्धुली १७० |
| • काभ्रे ६७०८ | • सिन्धुपाल्चोक १६९८ |
| • ललितपुर १८६७ | • लमजुङ १९३ |
| • मकवानपुर ६९५ | • निजामती अस्पताल २२०० |
| • बारा २७ | |

४. महामारी रोकथामका लागि गरिएको प्रयासहरु

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले रोगकोहरुको प्रकोप रोकथामका लागि स्वास्थ्य सन्देशहरु संचार माध्यमहरुबाट प्रचार–प्रसार र शैक्षिक सामग्रीहरु भूकम्प प्रभाबित जिल्लाहरुमा बितरण निरन्तर रुपमा गरिरहेको छ ।
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भुकम्प प्रभावित जिल्लाका ६ महिना देखि ५ बर्ष मुनिका बालबालिका एवं गर्भवती महिलाको स्वास्थ्य तथा पोषण खासगरी स्तनपान, थप आहारा, भीटामीन ए अवस्था सुधारका लागि स्वास्थ्यकर्मीहरुलाई तालीम दिएको र ती तालीम प्राप्त स्वास्थ्यकर्मीहरुले प्रभावित क्षेत्रका स्वास्थ्यकर्मीहरुलाई अभिमुखीकरण प्रदान गरी प्रभावित क्षेत्रका बालबालिका एवं गर्भवती महिलाहरुलाई सेवा प्रदान गर्ने गरी परचािलन गरिएको छ ।

५. औषधि तथा स्वास्थ्यकर्मीको व्यवस्था र अन्य विषय

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भूकम्पवाट प्रभावित विरामी तथा घाइतेहरुको उपचार तथा सूचनाको उपलब्धतामा सहजताका लागी टोल फी नं १६६००१३३४४ संचालनमा ल्याएको छ । यदि कुनै ठाँउबाट स्वास्थ्य सम्बन्धि जानकारी लिन वा दिन परेमा माथिदिएको टोल फ्रि नम्बरमा २४ अै घण्टा सम्पर्क गर्नु हुन अपिल गरिएको छ ।

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(४- { २२३५८० २६२६९६ २६९७३६ २६२८०२ २६२९८७ २६२४६८ २६२५४३

पत्र संख्या:- ०७१/०७२
च.नं. :-

रामशाहपथ,
काठमाडौं, नेपाल

- हालसम्म भूकम्पबाट प्रभावित जिल्लाका पूर्ण रुपमा क्षति पुगेका सरकारी स्वास्थ्य संस्थाहरु १५७ र प्राईभेट स्वास्थ्य संस्था १ रहेको छ । त्यस्तैगरी आंशिक रुपमा क्षति पुगेका सरकारी स्वास्थ्य संस्थाहरु ३०२ र प्राईभेट स्वास्थ्य संस्था १ रहेको छ ।

६. मिती २०७२/०१/२२ गते श्रीमान् स्वास्थ्य सचिवज्युको नेतृत्वमा बसेको बैठकले गरेका निर्णयहरु

६.१. भूकम्पवाट प्रभावित जिल्लाका DHO/DPHO ले आफ्नो जिल्लामा रिक्त रहेको (साविक दरवन्दिका) पदहरुको दुरुस्त विवरण तयार गरी पदपूर्तिको लागि माग आपूर्ति फारम भरी अविलम्ब (साता दिन भित्र) लोक सेवा आयोगमा पठाई सोको जानकारी मन्त्रालयलाई समेत गराउने निर्णय भएको छ ।

६.२. आ- आफ्नो जिल्लाको कुन-कुन गा.वि.स. मा चिकित्सक राख्न उपयुक्त हुन्छ सो सम्वन्धमा औचित्य, कारण र भोगोलिक coverage समेतको आधारमा प्रत्येक DHO/DPHO ले सिफरिश पठाउने निर्णय भएको छ ।

७. **Psychosocial Counseling** सम्बन्धि बैठक मिती २०७२/०१/२३ मा बसी गरिएका निर्णयहरु:

७.१. २०७२ साल वैशाख १२ गते गएको भुकम्प पश्चात प्रभावित जिल्लाहरुमा मनोसामाजिक परामर्श सम्वन्धि विभिन्न कार्यहरुको व्यवस्थापन गर्न निम्नानुसारका पदाधिकारी रहेको मूल व्यवस्थापन समिति गठन गर्ने ।

क. डा. गणराज लोहनी, सदस्य सचिव, HEOC, MoHP
ख. डा. सुरेन्द्र शेरचन, Director, मानसिक अस्पताल
ग. डा. सरोज ओझा, TUTH
घ. डा. भोगेन्द्र शर्मा, CIVICT
ङ. अ. शर्मिला पराजुली, (कोशिष) Mental Health Network
च. डा. मिता राणा, TUTH

७.२. निर्णय नं ७.१ बमोजिम गठित मूल व्यवस्थापन समितीको कार्यक्षेत्र निम्नानुसार रहने छ:

क. "मानसिक स्वास्थ्यमा काम गर्ने सम्पूर्ण संघ संस्था र व्यक्तिहरुसँग समन्वय गरी हालै आएको भुकम्पमा परी घाइते भएका र अन्य प्रभावितहरुको मानसिक स्वास्थ्यमा गर्नुपर्ने आवश्यक कार्यहरुको तय गरी मन्त्रालय समक्ष सिफारिस गर्ने र समन्वय गर्ने ।"

डा. गुणराज लोहनी
सदस्य सचिव एवं प्रवक्ता
विपद व्यवस्थापनको लागि केन्द्रिय समन्वय समिति, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय